# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, पुस २९ गते, २०७८ साल (सङ्ख्या २२


## भाग ३

प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

बागमती प्रदेश, हेटौंडाको

सूचना

**प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७८**

प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ लाई

संशोधन गर्न वाञ्छनीय भएकोले, विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ को दफा ३ मा संशोधन:** प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुर्नस्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ३ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिमका प्रदेश सभाका सदस्यले आफू सदस्य हुन चाहेको निर्वाचन क्षेत्र खुलाई पुस मसान्तभित्र सम्बन्धित मन्त्रालय र जिल्ला समन्वय समितिको कार्यालयमा लिखित रूपमा जानकारी दिनु पर्नेछ।"

३. **मूल कार्यविधिको को दफा ९ मा संशोधन:** मूल कार्यविधिको दफा ९ को उपदफा (५), (६), (७) र (८) को सट्टा देहायको उपदफा (५), (६), (७) र (८) राखिएको छः-

"(५) निर्देशक समितिले उपदफा (१) मा उल्लिखित कार्यक्रम मध्येबाट यस कार्यविधि बमोजिम कार्यान्वयन हुने

कार्यक्रमहरू माघ ७ गतेभित्र छनोट गरिसक्नु पर्नेछ।

(६) जिल्ला समन्वय समितिको कार्यालयले अनुसूची-१ बमोजिम छनोट भएका कार्यक्रमको अनुसूची-३ बमोजिमको कार्यान्वयन तालिका सहितको विवरण अनुसूची-४ बमोजिमको ढाँचामा कार्यक्रम कार्यान्वयन हुने मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित कार्यालय र सम्बन्धित स्थानीय तहमा माघ १५ गतेभित्र पठाई सक्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिम छनोट भएका कुनै कार्यक्रमको सम्झौता माघ महिनाभित्र हुन नसकेमा संयोजकले सो कार्यक्रम परिवर्तन गरी फागुन १५ गतेभित्र सोही निर्वाचन क्षेत्र अन्तर्गतको अर्को कार्यक्रम छनोट गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम कार्यक्रम परिवर्तन भएको जानकारी फागुन २० गतेभित्र मन्त्रालय, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित स्थानीय तहमा समेत दिनु पर्नेछ।"

**आज्ञाले,**
**बद्री बहादुर खड्का**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-